स्थानीय सरकार

# सिद्धार्थनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

Jamuf.
२०८३/०४/१९
जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

**सिद्धार्थ बसपार्कको प्रवेश शुल्क तथा पार्किङ् शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्तको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना।**

## आय ठेक्का नं. SNP/NCB/IR-03/083/84

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१८ गते

गोरखापत्र राष्ट्रिय दैनिक

**बोलपत्रदाताको नामः** ..........................................................

**ठेगानाः** ..........................................................................

**बोलपत्र फारम खरिद मितिः** ...............................................

**रसिद नं.** .......................................................................

# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

## सिद्धार्थ बसपार्कको प्रवेश शुल्क तथा पार्किङ् शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्तको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१८ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन, २०८३ सिद्धार्थनगर नगरपकालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०७८ बमोजिम सिद्धार्थ बसपार्क भित्र प्रवेश तथा पार्किङ् शुल्क संकलन गर्न आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक तथा योग्य फर्म/ कम्पनी/ संघसंस्थाले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र/ विद्युतीय बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

### आय ठेक्का नं. SNP/NCB/IR-03/083/84

| आय शिर्षक | ठेक्का अवधि (आर्थिक वर्ष) | न्यूनतम वार्षिक ठेक्का रकम | कैफियत |
|---|---|---|---|
| **बसपार्क प्रवेश तथा पार्किङ् शुल्कः** सिद्धार्थ बसपार्कको हाता भित्र प्रवेश तथा रात्रीकालीन पार्किङ् वापतको शुल्क सङ्कलन कार्य। | २०८३/०८४ | ४४६४२९६।६४ | |
| | २०८४/०८५ | ४४६४२९६।६४ | |
| | २०८५/०८६ | ४४६४२९६।६४ | |
| | **जम्मा रकम** | १,३३,९२,८८९।९२ | |
| | मुल्य अभिवृद्धि कर १३% | १७,४१,०७५।६९ | |
| | न्यूनतम ठेक्का अङ्कको कुल योग | **१,५१,३३,९६५।६१** | |

**शर्तहरु-**

१. **बोलपत्र दस्तुर-** बोलपत्र फारम दस्तुर वापत रु. ३,०००/- (पछि फिर्ता नहुने गरी) राजश्व प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहनेले कृषि विकास बैक लि. भैरहवा शाखा कार्यालयमा यस कार्यालयको नाममा रहेको खाता नं. ग-१-१-०४-१४६-०११४५६३४-२०-८ वा ***sutrarevenue.fcgo.gov.np*** पोर्टलबाट अनलाईन मार्फत रकम जम्मा गरी फर्म/कम्पनी हकमा चालू आ.व.को लागि नवीकरण सहितको ईजाजतपत्र, दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि र स्थानीय फर्मको हकमा नगरपालिकालाई आ.व. २०८१/०८२ सम्म कुनै प्रकारको तिर्नु बुझाउनु पर्ने बक्यौता रकम बाँकी नरहेको, सार्वजनिक खरिद कार्यमा कारवाहीमा नपरेको र कालोसूचि/नकारात्मक सूचिमा नरहेको स्वघोषणापत्र संलग्न गरी राजश्व प्रशासन शाखाबाट मिति २०८३ भाद्र १६ गते कार्यालय समय भित्र

बोलपत्र फारम खरिद गर्न वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट मिति २०८३ भाद्र १७ गते दिनको १२.०० बजे भित्र विद्युतीय माध्यमबाट बोलपत्र खरिद र दर्ता गर्न सकिनेछ ।कार्यालयबाट खरिद गरिएको बोलपत्रहरु मिति २०८३/०५/१७ गते दिनको १२.०० बजेभित्र दर्ता गरिसक्नुपर्नेछ ।

२. मिति २०८३/०५/१७ गते १२.०० बजे भित्र कार्यालयमा दर्ता भएको बोलपत्र सोही दिनको १२.१५ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लिखित समयमा खरिद, दाखिला तथा खोल्ने कार्य हुनेछ ।

३. **धरौटी/जमानत-** बोलपत्र पेश गर्दा कबोल गर्ने मुल्य अभिवृद्धि कर सहितको कुल रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको कृषि विकास बैक लि. शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३) ०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले सिद्धार्थनगर नगरपालिकाको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड-बण्ड (बोलपत्र जमानत) पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारममा बोलपत्रदाताको तर्फबाट कुनै शर्त राख्न नपाईने वा उल्लेखित विवरणमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

५. **अवधि-** ठेक्का अवधि आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्म गरी ३ आर्थिक वर्षको हुनेछ । यदि आर्थिक वर्षको सुरुमा नै ठेक्का सम्झौता हुन नसकेकोमा सो वर्षको लागि कबोल रकमलाई दामाशाहीले भाग गरी रकम घटाईनेछ ।

६. बोलपत्र दर्ता गर्नु अगावै बोलपत्र सँग सम्बन्धित आवश्यक जानकारी नगरपालिकाको राजश्व प्रशासन शाखाबाट लिन सकिनेछ ।

७. **यस नगरक्षेत्र भित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले नगरपालिकामा व्यवसाय कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।** बोलपत्र खरिद गर्न चाहने फर्मको हकमा सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

८. **सम्झौता-** बोलपत्र स्वीकृति पश्चात बोलपत्रदातालाई बाटोको म्याद बाहेक ७ दिनको समय दिई आफूले कबोल गरे बमोजिम सम्झौता गर्नको लागि पत्राचार गरिनेछ । यसरी पत्राचार गर्दा पत्र बुझेको वा सूचना प्रकाशित भएको वा कार्यालयको आधिकारिक ईमेल पठाएको मितिलाई समेत गणना गरिनेछ । सुचनाको म्याद भित्र सम्झौताको लागि उपस्थित नभएमा वा आफ्नो कबोल बमोजिमको कबुलियत गर्न मञ्जुर नगरेमा

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

उक्त बोलपत्रदाताको धरौटी/जमानत रकम जफत गरी निजलाई कालोसूचिमा राखिने छ। निज पछिको क्रममा रहेका बोलपत्रहरुलाई कार्यालयको निर्णयानुसार छनौट गरिनेछ ।

९. **जमानत तथा किस्ता** — बोलपत्र स्वीकृत भएपश्चात बोलपत्रदाताले ठेक्काको सम्झौताको समयमा मुल्य अभिवृद्धि कर सहित स्वीकृत ठेक्का अङ्कको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नु पर्नेछ र बाँकी ७५ प्रतिशत रकम र सोको मुल्य अभिवृद्धि कर वापतको रकम समेत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट कम्तिमा १३ महिना म्याद भएको कार्यसम्पादन जमानत वा नगदै रकम जम्मा गर्न सकिनेछ ।आगामी आर्थिक वर्षको कार्यसम्पादन जमानत वापतको रकम अघिल्लो कार्यसम्पादन जमानतपत्रको म्याद समाप्त हुनु अगावै पेश गरेको हुनु पर्नेछ ।

१०. सम्झौता अनुसार कबोल गरेको रकममा कुनैपनि कारण देखाई रकम घटाउने वा मिन्हा हुने छैन । तर वार्षिक ठेक्का रकम अग्रीम वा एकमुष्ठ बुझाएमा नगर कार्यपालिकाको निर्णय बमोजिम औचित्य हेरी पाँच देखि दश प्रतिशत सम्म छुट दिन बाँधा पुगेको मानिनेछैन ।

११. ठेक्काको कबोल अंकको वार्षिक रकमलाई चौमासिक रुपमा तीन किस्तामा विभाजन गरी चौमासिकको मसान्त भित्र किस्तावन्दीमा बुझाउनु पर्नेछ । सम्झौताको बखत नगद जम्मा गरेको रकमलाई पहिलो किस्ताको रुपमा गणना गरिनेछ । प्रत्येक किस्ताको रकम चौमसिक मसान्त भित्र जम्मा हुन नआएमा रकम दाखिला गर्न छिटो माध्यमबाट सूचित गरिनेछ । यसरी अर्को महिनाको ७ गते भित्र रकम जम्मा नभएमा तिर्नु पर्ने रकममा थप १० प्रतिशत जरिवाना गरिनेछ । जरिवाना गर्दा समेत सो महिना भित्र किस्ता रकम जम्मा नगरेमा धरौटी/जमानत रकमबाट असुल उपर गरी ठेक्का बदर गरिनेछ ।

१२. किस्ता रकम दाखिला गर्दा मुल्य अभिवृद्धि कर र आयकर दाखिला गरेको भौचर समेत उपलब्ध गराउनु पर्नेछ ।

१३. करको दर नगरपालिकाले सालबसाली जारी गर्ने आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । तोकिएको दररेट भन्दा बाहिर गई शुल्क संकलन गर्न पाईने छैन । यस शर्त भन्दा विपरित हुने गरी बाहिर गई शुल्क संकलन गरेको उजुरी परी छानविन गर्दा प्रमाणित हुन आएको अवस्थामा पहिलो पटक स्पष्टिकरण सोधी जरिवाना स्वरुप रु. १० हजार जरिवाना गरिने तथा दोस्रो पटकका लागि ठेक्का रद्द गरी बैंक ग्यारेन्टी जफत सम्मको कारवाही गरिनेछ ।

१४. बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्रदाताले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको जमानत रकम जफत भई स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ ।

१५. रित नपुगेको / म्याद नाघी आएको र शर्त सहित पेश भएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन । कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने / नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालय समक्ष रहनेछ ।

१६. बसपार्क प्रवेश तथा पार्किङ् शुल्कको दररेट नगरपालिकाको आर्थिक ऐन, २०८३ को अनुसूचि ११ मा उल्लेख भए बमोजिम हुनेछ।

१७. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालयको वेवसाईट *siddharthanagarmun.gov.np* वा कार्यालय समय भित्र राजश्व प्रशासन शाखाबाट विस्तृत जानकारी लिन सकिनेछ।

(प्रमुख प्रशासकीय अधिकृत)

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका